# २ सृष्टि: यस संसारको सृजना

*यस अध्यायको निम्ति पढ्नुहोस्:* उत्पत्ति १:१,२, यशैया ४५:१८, उत्पत्ति १:३-५, १ यूहन्ना १:५, प्रकाश २२:५, उत्पत्ति १:६-८, उत्पत्ति १:९-१३, २ कोरन्थी ४:६-६_२ पत्रुस ३:५, अय्यूब ३८:४-६।

*स्मरण गर्नुपर्ने पद:* "प्रभुले सारा स्वर्ग सृष्टि गर्नुभयो। उहाँ नै परमेश्वर हुनुहुन्छ। उहाँले यस पृथ्वीलाई आकार दिनुभयो र बनाउनुभयो। उचित स्थानमा उहाँले बलियो गरि झुण्ड्याउनुभयो। यस संसारलाई खाली राख्न उहाँले बनाउनुभएको होइन। बरू मानिसहरू रहन यस पृथ्वीलाई बनाउनु भएको थियो। उहाँले भन्नुहुन्छ, 'म परमप्रभु परमेश्वर हुँ। म बाहेक अरू कुनै प्रभु परमेश्वर छैन'" (यशैया ४५:१८ रूपान्तरित)।

परमेश्वरले नै यस संसारमा भएका यावत् थोकलाई योजनावद्ध तरिकाले सृष्टि गर्नुभएको थियो भनेर उत्पत्ति १ अध्यायको सुरूमै बताउँदछ। विनाआकार र केहि नभएको ग्रहबाट परमेश्वरले सुरू गर्नुभएको थियो। अनि प्रथम तिन दिन उहाँले यस संसारमा प्राणीहरूको निम्ति उपयुक्त ठाउँ र वातावरण बनाउनु भयो र अर्को तिन दिन उहाँले विभिन्न प्राणीहरूद्वारा यस पृथ्वीलाई भर्नुभयो। प्रथम् तिन दिनमा परमेश्वरले के के गर्नुभयो भन्ने विषयवस्तुमा यस अध्यायमा केन्द्रित हुनेछ।

परमेश्वरले योजनावद्ध तरिकाले यस संसारा सृष्टि गर्नुभएको थियो भन्ने धारणलाई कतिपय बाइबलकै विद्वानहरूले असहमत जनाएको पाइन्छ। प्रकृति आफै विकसित हुन परमेश्वरले त्यसै छोड्नुभयो। यस संसारको विकासमा परमेश्वरको केहि हात छैन भनेर तिनीहरूले बहस गर्दछन्। परमेश्वरलाईचाहिँ विश्वास गर्ने तर यस पृथ्वीको स्थापना र व्यवस्थापनमा उहाँको केहि हात छैन भन्ने विश्वास

गर्ने समूहलाई "थिइस्टिक इभ्युलुशन theistic evolution"मा समर्थन र विश्वास गर्ने कहलाइन्छ। तर बाइबलले त्यस धारणालाई सरासर अश्विकार गर्दछ। यस जगत आफैमा सृष्टि गर्न शक्ति छैन। परमेश्वरको नियन्त्रणविनास्वतन्त्र भएर बस्दैन। बरू आफूले सृष्टि गर्नुभएको प्राणीलाई परमेश्वरले कत्तिको माया गर्नु हुन्छ भनेर देखाउने प्रमाण नै उहाँको सृष्टि हो।

## १. आकारप्रकार विना र रित्त (उत्पत्ति १:१,२)

उत्पत्ति १:१,२मा भन्दछन्, "आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नु भयो। पृथ्वी शून्य थियो, पृथ्वीमा केही पनि थिएन। समुद्रलाई अँध्यारोले ढाकेको थियो अनि परमेश्वरको आत्मा पानीमाथि परिभ्रमण गरिरहन्थ्यो।" परमेश्वरले यस पृथ्वीमा जीवन सृष्टि गर्नुभन्दा पहिलो त्यसको अवस्था कस्तो थियो भनेर उपरोक्त पदहरूले हामीलाई कसरी बताउँछन्?

परमप्रभु परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भनेर ठम्याउँदै सृष्टिको कथाबाट बाइबल सुरू गर्दछ। अनि प्राणीहरूको बसोबास गर्न तयार पार्नुभन्दा पहिले यस पृथ्वी कस्तो थियो भनेर पनि त्यसले खुलासा गर्दछ। ग्रह त थियो नै, तर त्यसको कुनै आकारप्रकार थिएन, त्यसमा केहि पनि थिएन, त्यो भिजेको अन्धकार थियो भनेर सृष्टिको कथा सुरू गर्दछ। अनि त्यस ग्रहलाई बस्न योग्य बनाउन परमेश्वरले कसरी सृष्टि गर्नुभयो र प्राणीहरूद्वारा भर्नुभयो भनेर बाँकि पदहरूले वर्णन गर्दछन्। यस पृथ्वीमा भएका पत्थरहरू र पानी पहिले कहिले देखा परे भनेर प्रथम् पदले भन्दैन। तर पहिला त्यो पृथ्वी प्राणीहरू वस्न योग्यको थिएन भनेर हामीलाई ती पदहरूले सुचित गर्दछन्। अर्को शब्दमा भन्ने हो भने परमेश्वरले यस पृथ्वीलाई आकार दिनु भयो र प्राणीहरू रहन लायकको बनाउनु भयो।

**यस पृथ्वी कुन् योजनाको निम्ति सृष्टि सृष्टि गर्नुभयो भनेर यशैया ४५:१८ले यसरी भन्दछ, " परमप्रभु नै परमेश्वर हुनुहुन्छ। उहाँले**

**आकाशहरू र पृथ्वी बनाउनु भयो। परमप्रभुले पृथ्वीलाई यसको ठिक ठाउँमा राख्नु भयो। परमप्रभुले यस पृथ्वीलाई खाली राख्न चाहनुहुन्न, जुन उहाँले बनाउनु भयो! उहाँले पृथ्वी बस्नका लागि बनाउनु भयो! म परमप्रभु हुँ, म बाहेक अरू कोही परमेश्वर छैन।" (रूपान्तरित)।**

**जब यस** पृथ्वी पहिलो पल्ट बनिएको थियो कोहि पनि प्राणी रहने सुहाउँदो थिएन। विभिन्न किसिमका पत्थर र पानी सृष्टि गरिएको समय र प्राणी रहन उचित वातावरण र प्राणीको सृष्टिभएको बीचमा कति समय अन्तराल तथा फरक थियो भनेर बाइबलले बताउँदैन। पृथ्वी सृष्टि भएको लगत्तै प्राणीहरूको पनि सृष्टि भएको थियो भनेर कुनै कुनै इसाई चिन्तकहरूले विश्वास गर्दछन्। यस पृथ्वीमा भएका पत्थर र पानी सृष्टि भएको र वातावरण तथा प्राणीहरू बस्न योग्य बनाइएको बीचमा लामो समय थियो भनेर कसै कसैले विश्वास गर्दछन्।

अत्यन्त सरल तथ्य त यो छ, त्यो अन्तराल वा ग्याप भएको समय हामीलाई थाहा छैन। तर त्यो ज्ञान त्यत्तिको आवश्यक छैन। तर बनिएको पदार्थबाट प्राणी वा अरू सृष्टि गर्न परमेश्वर भर पर्नुभएको थिएन भन्ने कुराको भेद थाहा पाउनु हाम्रो निम्ति अत्यन्त आवश्यक ज्ञान हो। उहाँको वचन (येशू)को शक्तिले हामी रहन यस पृथ्वीलाई उपयुक्त बनाउनुभएको थियो।

## २. ज्योति अर्थात् उज्यालो होस् (उत्पत्ति १:३-५)

**सृष्टिको पहिलो दिनमा परमेश्वरले के सृजना गर्नुभयो भनेर उत्पत्ति १:३-५ले हामीलाई यसरी बताउँदछः "तब परमेश्वरले भन्नुभयो, "उज्यालो होस्!" अनि उज्यालो चम्कन थाल्यो। परमेश्वरले उज्यालो देख्नु भयो अनि त्यसलाई असल मान्नु भयो। तब परमेश्वरले उज्यालो र अँध्यारोलाई छुट्याउनु भयो। परमेश्वरले उज्यालोलाई "दिन" र अँध्यारोलाई "रात" भनेर नाउँ दिनु भयो। साँझ पर्‍यो अनि बिहान भयो। त्यो पहिलो दिन थियो।"**

उपरोक्त पदहरूमा धेरै विषयहरूतिर हाम्रो ध्यान आकर्षण गर्दछन्। प्रथमतः परमेश्वरले नै उज्यालो वा ज्योति सृष्टि गर्नुभयो। दोस्रोमा त्यो उज्यालो असल थियो भनेर उच्चारण गरिएको थियो। परमेश्वरले उज्यालो देख्नुभयो भन्नुको अर्थ के होला? परमेश्वरले नदेख्ने कुरा केहि होला त? तर त्यहाँ भन्न खोजेको कुरो त यो हो, जुन उज्यालो परमेश्वरले सृष्टि गर्नुभयो त्यो उज्यालो असल थियो र परमेश्वरलाई पनि असलै लागेको थियो। त्यो उज्यालो किन असल थियो भने परमेश्वर आफैले असल भनेर निर्णय गर्नुभएको थियो।

अर्को ध्यान दिनुपर्ने विषयचाहिँ यो हो, परमेश्वरले उज्यालो र अन्धकारलाई अलग गर्नुभयो। परमेश्वरको सर्वज्ञानी र सर्वशक्तिमान क्रियाकलापमा उज्यालो र अन्धकारले केहि फरक पार्दैन। (भजन १३९:१२मा त्यसबारे स्पष्ट धारणा राखिएको हेर्नुहोस् )। किनभने दुवै उज्यालो वा ज्योति र अन्धकार परमेश्वरको नियन्त्रणमा छन्। त्यसकारण समयको भागलाई छुट्याएर उज्यालो र अन्धकार भन्दै दिन र रात नामाङ्करण गर्नुभयो। समयको सृष्टिकर्ता हुनुभएकोले नै समयको अवधिलाई नाम दिने उहाँको अधिकार थियो। समयको सृष्टिकर्ता तथा स्वामी भएको हुनाले परमेश्वर समयसमा सिमित हुनुहुन्न। बरू समय उहाँमा भर पर्दछ।

ती पदहरूमा अर्को महत्त्वपूर्ण ख्याल गर्नुपर्ने कुरालाई हामीले पन्छाउनु हुन्न। अन्धकार र उज्यालोको समयलाई मिलाएर उहाँले एक दिन बनाउनुभयो। सृष्टिको कथालाई मध्य नजरमा राखेर “दिन"को बारेमा मानिसहरूले धेरै अर्थ र तर्क प्रस्तुत गरेको पाइन्छ। त्यसको बारेमा हामीले पछि छलफल गर्नेछौं। तर अन्धकार र उज्यालोको अवधिलाई पहिलो दिन भनेर अर्थ खुलाइएको छ। आजसम्म पनि त्यहि धारणालाई हामी निरन्तरता दिइरहेकाछौं।

फेरि, परमेश्वरको उपस्थितिलाई जनाउने अवधिलाई उज्यालो भनेर देखाइएको छ। परमेश्वरको उपस्थिति विभिन्न तरिकाले देखाइएतापनि उज्यालो एक उल्लेखनीय समय हो। उहाँको

उपस्थितिलाई प्रायजसो उज्यालो वा ज्योतिसँग गाँसिएको पाइन्छ। उदाहरणमा हेर्नुहोस्: १ यूहन्ना १:५, प्रकाश २२:५। सृष्टिको पहिलो दिनमा प्रथम पटक उज्यालो वा ज्योति आविश्कार गरिएको थियो भनेर अनुमान गर्नु आवश्यक छैन। यस जगत र पृथ्वीको आरम्भपहिले नै परमेश्वरको अस्तित्व थियो। सृष्टिको सुरूमा यस अन्धकार ग्रहमा परमेश्वरले उज्यालोलाई प्रवेश गराउनुभएको थियो। तपाईंले यो जिज्ञासा राख्नुहुन्छ होला, "चौथो दिनमा सूर्य सृष्टि गर्नुभन्दा पहिले दिन र रात कसरी छुट्टियो त?" दिनको उज्यालो र सूर्यको बीचमा कस्तो सम्बन्ध थियो भनेर मोसालाई पक्कै पनि थाहा थियो। तर पहिलो दिनमा उज्यालो र अन्धकारलाई परमेश्वरले के गर्नुभयो भनेर मात्र उल्लेख गरेका थिए। जुन् सृष्टिको बारेमा आत्मज्ञान मोसालाई दिइएको थियो जुन् हामीलाई थाहा नभएको हुनुपर्दछ। प्राकृतिक संसारलाई हेरेर त्यस्ता ज्ञानलाई हामीले बुझ्न सक्दैनौं। सृष्टिको बारेमा कतिपय थोकहरू रहस्यमय भएको कुराप्रति हामी अचम्म नमानी किन नबस्ने?

## ३. स्वर्ग, आकाश वा जगतको सृष्टि (उत्पत्ति १:६-८)

**उत्पत्ति १:६-८मा भनिएको छः "तब परमेश्वरले भन्नुभयो, "पानीलाई दुइ भाग पार्न त्यहाँ बतास होस्!" यसर्थ परमेश्वरले त्यहाँ बतास सृष्टि गर्नुभयो अनि पानी छुट्टियो। केही पानी बतासमाथि रहयो अनि केही पानी बतास मुनि। परमेश्वरले त्यस बतासलाई "आकाश" नाउँ दिनु भयो। साँझ पऱ्यो अनि बिहान भयो। त्यो दोस्रो दिन थियो।"**

पृथ्वीमाथि (वा वरपर) परमेश्वरले ठूलो रिक्त स्थानको सृजना गर्नुभयो, र त्यसमा उहाँले विशेष सृष्टिको काम गर्नुभयो। त्यसको उपजलाई परमेश्वरले स्वर्ग वा आकाश भनेर नाउँ दिनुभयो। पृथ्वीको मुनि र माथि भएको पानीलाई छुटयाउने काम त्यस आकाश वा अन्तरिक्षको काम थियो। आकाश भनेर सम्बोधन गरिएको स्थानलाई आज हामी वायुमण्डल पनि भनेर पनि भन्दछौं। पृथ्वीमाथि रहेको वायुमण्डल हामीहरूको वातावरणको एक भाग हो। अनि हामीहरूको

वायुमण्डल पार भएपछि सूर्य, चन्द्रमा र ताराहरू अवस्थित भएका छन्।

दोस्रो दिनको सृष्टिमा सृजना गरिएको वायुमण्डल स्वर्ग वा आकाशको भाग भएको देखिएको छ। बाफ भएर पानी आकाशमा जान सम्भव त्यहि वायुमण्डलले गर्दा भएको हो। त्यसले गर्दा यस पृथ्वीको कुनै पनि जग्गामा बाफ भएर बादल बनेको पानी झर्न सक्दछ। पृथ्वीबाट नै बाफ भएर गएको पानी कुहिरो (उत्पत्ति २:६) र झरी भएर पृथ्वीमै फर्कन्छ।

पृथ्वीको माथि भएको वायुमण्डल र त्यहाँबाट पनि माथि भएको स्थानलाई आकाश वा स्वर्गको नाउँ दिएर आफ्नो आधिपत्य परमेश्वरले जनाउनुभएको थियो। परमेश्वरले नै नामाङ्करण गरिएको आकाश वा अन्तरिक्षले त्यसको स्वामी उहाँ नै हुनुहुन्छ भनेर प्रमाणित गर्दछ। अन्तरिक्ष वा आकाश यति विशाल छन् कि त्यसले सर्वशक्तिमान परमेश्वरको शक्ति र अधिकारलाई सिमित पार्न सक्दैन। परमेश्वर आफैले सृष्टि गर्नुभएकोले त्यसलाई काबूमा राख्ने अधिकार उहाँकै हुन गएको हो। जसरी उज्यालोलाई प्रथम् दिनमा सृष्टि गर्नुभयो त्यसरी नै वायुमण्डल र अन्तरिक्षलाई दोस्रो दिनको अन्तमा सृष्टि गरि सिध्याउनुभएको थियो। त्यसको अर्थ वेलूका र बिहानको बीचमा अर्को अन्धकार समय थियो भनेर जनाएको थियो।

आकाश अर्थात् वायुमणडल र अन्तरिक्षको बारेमा बुद्धिजिवीहरूले धेरै छलफल गरेका थिए र गरिनै रहेकाछन्। उत्पत्तिमा प्रयोग गरिएको आकाश भन्ने शब्द हिब्रू भाषाको शब्द रेजिया (ragia) हो। कुनै धातुलाई पिटिएर पातलो जस्तापाता गरेको वस्तुलाई कहिलेकाहिँ रेजिया भनेर सम्बोधन गर्दछ। त्यहि शब्द प्रयोग गरि आकाश भन्ने शब्द हामीले पाएका हौं। पृथ्वीमाथि कुनै ठोस पदार्थ थिए भनेर पुरानो जमानाका हिब्रूहरूले विश्वास गरेका थिए भने कतिपय आलोचककहरूले तर्क प्रस्तुत गरेकाछन्। त्यसले गर्दा उत्पत्तिको विषयमा दिइएको बाइबलको वृतान्त गलत हुन् भनेर सावित गर्न खोजेको पाइन्छ। तर यो तर्क गलत नै छ। आकाशको अर्थ केवल

पृथ्वीमाथिको स्थानलाई जनाउँछ। ती वायुमण्डल र अन्तरिक्ष दुवै हुन्। मानिसहरूको तर्कतिर मन नलगाइ केवल बाइबलले के भन्छ त्यसमामात्र हामीले ध्यान दिनुपर्दछ। उदाहरणमा आकाशमा उड्ने चराहरू परमेश्वरले सृष्टि गर्नुभयो भनेर उत्पत्ति १:२०मा उल्लेख गरेको छ। आकाश भनेको केवल हाम्रो पृथ्वीको नजिकको वायुमण्डलमात्र नभएर सूर्य, चन्द्रमा र ताराहरू भएको स्थानलाई जनाएको (उत्पत्ति १:१४) कारणले चराहरू त्यत्ति टाडा उडेको देखाउँदैन। त्यसकारण रेजियाको अर्थ अन्तरिक्ष र हाम्रो वायुमण्डल हुन्।

समग्ररूपमा भन्ने हो भने सृष्टिको कथा रहस्यमय छ। तर एउटा विषयचाहिँ स्पष्ट छ। कुनै पनि वस्तु योजनाविनाअचानक सृष्टि वा देखा परेको होइन। सनातन सृष्टिकर्ता परमेश्वरलाई विश्वास गर्ने तपाईं र हाम्रो निम्ति त्यो ज्ञान किन महत्त्वपूर्ण छ?

## ४. जीवित जीवात रहन स्थान (उत्पत्ति १:९-१३)

**सृष्टिकर्ता परमेश्वरले जब सृष्टि गरिरहनुभएको थियो त्यस अचम्मको समयको बारेमा सोच्नुहोस्। पहिला कुखुर आयो कि फुल आयो भन्ने निरन्तररूपमा सोधिएको प्रश्नलाई हामी कसरी जवाफ दिने?**

जीवजीवात सृष्टि गरेको समय भन्दा पहिले यस पृथ्वी पानी पानीले नै भरिएको थियो। परमेश्वरले यस पृथ्वीमा रहेको जमिन र पानी छुट्याउन समुद्रहरू खडा गर्नुभयो। त्यसले गर्दा मानव जातिलाई रहन चाहिएको पर्याप्त जमिन देखापरे। यस पृथ्वीको भौगोलिक बनावटमा तिन भाग भएर देखापरेको त्यस सृष्टिको कामले देखाउँदछ। पानी र समुद्र छुट्याइन्दा ठूलो जमिन देखापर्नु स्वभाविकै थियो। जमिन देखा पर्नु भनेको यस पृथ्वीको भौगोलिकतालाई तेस्रो भागमा विभाजन गरिनु हो। (प्रथम भागमा उज्यालो र अन्धकार छुट्याइएको, दोस्रोमा पृथ्वीमा भएको पानी र आकाशमा भएको पानी छुट्याइएको, अनि तेस्रो विभाजनमा समुद्र र सुक्खा जमिन छुट्याइएको थियो)।

आफूले अलग गरिएको भागलाई परमेश्वरले तेस्रो पटक नामाङ्करण गर्नुभएको पाउँछौं। सुक्खा जमिनलाई “पृथ्वी", “जमिन" वा “धरती" भनेर नाउँ दिनुभयो भने जम्मा गरिएको पानीलाई “समुद्र" वा “सागरहरू" भन्नु भयो। यसमा पनि आफूले सृष्टि गर्नुभएको

स्थानहरूमाथि आफ्नो आधिपत्य भएको परमेश्वरले देखाउनुभएको छ। जमिन र पानीको व्यवस्थालाई जाँचेर हेर्नुहुन्छ र भन्नु हुन्छ “असलै भयो।"

तेस्रो दिनमा सृष्टि गरिएको सृष्टिको काम दोस्रो थियो। परमेश्वरले सृष्टि गर्न लाग्नुभएको प्राणीको निम्ति चाहिने खाद्य सामग्रीहरूको जरुरत थियो। त्यसको निम्ति परमेश्वरले जमिन बनाउनुभएको थियो। यस सुक्खा धरतीबाट विभिन्न खालका विरुवाहरू उत्पन्न गर्न परमेश्वरले आह्वान गर्नुहुन्छ। ती विरुवाहरूलाई घाँस, झाङ्ग, विभिन्न जडिबुटी र रूखहरू भनेर नाम दिइएका थिए। तर परमेश्वरले कत्ति किसिमका बनस्पतिहरू सृष्टि गर्नुभयो भनेर त्यस पदमा उल्लेख गरिएको छैन। तर सुरूमा विभिन्न खालका विरूवाहरू सृष्टि भएका थिए भनेर उपरोक्त पदले बताउँदछ। आज हामीले जे देख्छौं त्यसले यो पनि बताउँदछ कि परमेश्वरले विभिन्न खालको धेरै प्राणीहरूलाई पनि सृष्टि गर्नुभएको थियो। फेरि एउटै विरूवाबाट सबै विरूवाहरू आए भनेर बाइबलले नभनेको स्पष्ट छ। बरू सुरूमै विभिन्न जातका बोट विरुवाहरू परमेश्वरले सृजना गर्नुभएको थियो। एउटै जातको बिरुवाबाट धेरै जातका बिरूवाहरू निस्केका थिए भन्ने विकासवादको सिद्धान्तलाई बाइबलले सरासर असहमत जनाउँछ।

**विभिन्न खालका फलफुल र सागसब्जीहरूको बारेमा सोच्नुहोस्। परमेश्वरको प्रेमको शक्तिशाली प्रमाण ती विभिधताले कसरी जनाउँछ? सबै थोकहरू विकासवादको सिद्धान्त अनुसार विकसित भएका हुन् भन्ने तर्क किन बुद्धिमता देखिन्दैन?**

## ५. परमेश्वरको सर्वा-शक्तिशाली वचन (२ कोरन्थी ४:६)

**परमेश्वरको वचन कत्तिको सर्वशक्तिमान छ भनेर देहायका पदहरूले हामीलाई सिकाउँदछन्, हेर्नुहोस्: २ कोरन्थी ४:६, यशैया ५५:११ र २ पत्रुस ३:४?**

परमेश्वरको वचन वा आह्वानले नै कुनै नभएको वस्तुबाट (एक्स निहिलो ex nihilo) हुने वस्तु सृष्टि गर्नुभएको थियो भनेर बाइबलले हामीलाई सिकाउँदछ। बाइबलको समयमा यस धारणालाई विश्वास गर्ने

जातमा केवल हिब्रू वा यहूदीहरूमात्र थिए। त्यस ताका लेखिएका प्रायजसो सबै सृष्टिका कथाहरूमा यस पृथ्वी सृष्टि गरिन्दा विभिन्न युद्ध र संघर्ष भएका थिए भनेर बताउँदछन्। पौराणिक बेबिलोन (आधुनिक इराक)को सभ्यतामा पनि सृष्टिको कथा थियो। तिनीहरूको कथामा भनिएको छः अप्सु सुर वा दैत्य अर्थात् राक्षस र उसको सहयोगी महिला टिमोटले धेरै देवी देवताहरूलाई बनाए, अनि तिनीहरूलाई नाश गर्न ती दैत्यहरू अग्रसर भए। देवता र दैत्यहरूको बीचको घमासान लडाईंमा टिमात मारिए रे। उनको शरीरलाई दुई भागमा टुक्राइए रे। अनि ती टुक्रा भएको शरीरको एक भाग स्वर्ग वा आकाश बनियो, अर्को भागचाहिँ पृथ्वी बन्यो रे।

आधुनिक जमानाका मानिसहरूले पनि सृष्टिको कथालाई युद्धसँग गाँसिएर लोकप्रिय बनाइएका हामी पाउँछौं। त्यसको एक कथा अनुसार परमेश्वरले यस पृथ्वीलाई सृष्टि गर्नुभयो तर जानाजानी त्यसमा भएका आवश्यक वस्तुहरूलाई सिमितमात्रामा सृष्टि गर्नुभयो। त्यसले गर्दा जीवित प्राणीहरूको बीचमा लडाईं वा घोर संघर्ष गर्नु पऱ्यो। त्यसले गर्दा बलिया प्राणीले कमजोर प्राणीलाई नाश गरेर हटाइयो। अनि समयकाल बित्दै जाँदा बलिया प्राणी बलियो बलियो हुँदै बढ्यो। अनी ती प्राणीहरूबाट मानव र अरू जीवित प्राणीहरूको उत्पादन हुँदै गए। त्यसले सबै प्राणीहरूको सुरू एउटैबाट भएको हो भनेर बताउँदछ। त्यस कथालाई विकासवाद सिद्धान्त वा थ्यौरि अभ इभ्युल्युशन भनेर विश्वमा प्रचलित छ।

तर विकासवादका देवता वा दैत्यहरू बाइबलका परमेश्वर जस्तो छैन। बाइबलको परमेश्वर कमजोरी, परिश्रमी, मजदूरहरूको परमेश्वर हो। उदारचित्तले सबै प्राणीलाई चाहिने स्रोत जुताइदिनुभएको छ। मृत्यु, दुःखकष्ट, पाप वा खराब अवगुण वा तत्वहरू परमेश्वरले सृष्टि गर्नुभएको होइन। बरू उहाँको स्वामित्वको विरोध गरेर उहाँसँग लड्न खोज्दाको स्वाभाविक परिणाम नै पाप, अधर्म, अन्याय अत्याचार आदि हुन्। विकासवादका देवताहरू व त्यस सिद्धान्तका मतियारहरूले कमजोरीहरूको नाश गर्न तिनीहरूसँग लडाईं छेड्छन् र बलियाहरूलाई माथि उचाल्दछन्। अझ झन नराम्रो त मृत्यु, दुःखकष्ट

आदिका जिम्मेवारी तिनीहरू नै हुन्। मृत्यु र पिडालाई सृजने बाटो तिनीहरूले नै खनेका हुन्।

त्यसकारण आधुनिक समयमा विज्ञानको नाउँमा सिकाउने विकासवादको अनुमानित सिद्धान्त बाइबल सम्मत छैन। सुरूदेखि नै विकासवादका सबै प्रवर्तकहरूले बाइबलमा सिकाएको सृष्टिको कथाको खुलेर विरोध गरेको पाइन्छ।

## उपसंहारः

<u>थप जानकारी</u>ः बाइबलले सबै कुरा भन्दैन। तर यस पृथ्वीको सृष्टि भन्दा पहिले वा यस पृथ्वीमा प्राणीहरूको सुरुवात भन्दा धेरै समयदेखि जगतको अस्तित्व थियो भन्ने प्रमाण प्रशस्त छन् भनेर मान्दा असलै देखिन्छ। जब परमेश्वरले यस पृथ्वीलाई सृष्टि गर्नुभयो जगतका अरू जीवहरू खुशीले कराएका थिए भनेर अयूव ३८:४-६ले बताउँदछन्। यस पृथ्वीमा मानव सृष्टि गर्नुभन्दा पहिले जगतमा अरू जीवहरू थिए भनेर ती पदहरूले आभास दिँन्छ। पावलले १ कोरन्थी ४:९मा पनि त्यहि कुरामा सहमत जनाएका थिए। आदम र हब्बाले पाप गर्नुभन्दा पहिले अदनको बँगैचामा साँप वा सर्प थिए। प्रकाश १२:९ अनुसार सैतानको अर्को नाउँ सर्प भनेर उल्लेख गर्दछ। त्यसलाई स्वर्गबाट फैंकिएको थियो। त्यसलाई स्वर्गबाट फैंकिएको दृष्य येशूले हेर्नुभएको थियो (लूका १०:१८)। इजकिएल २८:१४मा एक महान् करूव वा स्वर्गदूतको बारेमा वर्णन गर्दछ। सुरूमा त्यो सिद्ध र परिपक्व थियो। तर उसले परमेश्वरको खिलाफमा विद्रोह गरेपछि उच्च स्थान ओगटेको स्वर्गदूत सैतान हुन पुग्यो। सैतानले विद्रोह गर्नुभन्दा पहिले समयको अवधि थियो भनेर ती पदहरूले बताएको देखिन्छ र सैतान यस जगतमा बसोबास गरेको थियो। आदम र हब्बा सृष्टि गरिएका प्रथम् प्राणी थिएन भनेर ती पदहरूले देखाउँदछ।

“जब सृष्टिकर्ताको हातबाट यस पृथ्वी आए तब त्यो अति सुन्दर थियो। त्यसका भौगोलिक बनावटमा पहाडहरू, महान् पर्वतहरू, सम्म उपत्यकाहरू, सुन्दर नदी नाला र तालहरू थिए। तर पहाड र पर्वतहरूमा तिखो चुचुराहरू थिएन जुन् अहिले छन्। ती तिखो र खाल्डाखुल्डी भएका चुचुराहरू उर्वरा माटोमा पुरिएर बसेका थिए।

अत्यन्त हराभरा रूख र विरूवाहरू जताततै थिए। मरुभूमी र डरालाग्दा दलदले तालहरू थिएन। सुन्दर झार र फूलहरू जताततै उम्रिएका थिए। पहाड पर्वतहरूमा विभिन्न खालका अग्ला अग्ला रूखहरूले ढाकिएका थिए। ती अग्ला रुखहरू अहिलेका भन्दा विशाल थिए। स्वच्छ हावामा प्रदुषित तत्वहरू थिएन। वातावरण अत्यन्त स्वस्थ्य र सफा थियो। कुनै पनि सम्पन्न परिवारको घरहरूका आँगनमा सजिसजाउ गरेका जमिन भन्दा त्यसबेलाको जमिन वा बँगैचा अत्यन्त सुन्दर थियो। स्वर्गदूतहरूले त्यस रमणिय दृष्यलाई अत्यन्त रमाइलो पूर्वक हेर्दथे। परमेश्वरको त्यस सुन्दर र अचम्मका कामहरूलाई तिनीहरूले प्रशंसा गर्दथे।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ४४बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **यस पृथ्वीलाई परमेश्वरले सुनियोजित ढँगले योजना बनाएर सृष्टि गर्नुभएको हो भनेर प्रकृतिमा देखाउने विभिन्न कुराहरूको बारेमा सोच्नुहोस्।**

आ. **विकासवादको अनुमानित सिद्धान्त बाइबलसम्मत छैन भनेर कस्ता कस्ता तर्कहरू तपाईंले प्रस्तुत गर्न सक्नुहुन्छ?**

इ. **निसन्देह, उत्पतिको पुस्तकमा उल्लेख गरेका उत्पत्तिको बारेमा धेरै कुराहरू छन् जुन हामीले वाख्या गर्न सक्दैनौं। कतिकुराहरू हामीले नबुझेतापनि परमेश्वरले नै यस पृथ्वीलाई सृष्टि गर्नुभएको हो भन्ने ज्ञानलाई समेट्न के तपाईंलाई आपत्ती छ त?**